२०१ औं

*सूर्यविनायक नगरपालिका, नगरकार्यपालिकाको मिति २०८२/१०/०२ गतेको २०१औं बैठक*

बैठक संख्याः ४/२०१औं

आज मिति २०८२ माघ ०२ गते शुक्रबारका दिन यस सूर्यविनायक नगरपालिका नगर कार्यपालिकाको २०१औं बैठक नगर प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी देहायका विषयमा छलफल तथा निर्णय गरियो।

उपस्थिति :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बासुदेव थापा | नगर प्रमुख | |
| २ | श्री सरिता तिमसिना भट्टराई | उप प्रमुख | |
| ३ | श्री सानुकाजी कायस्थ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री प्रदिप कार्की | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री लछुराम न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री राजकुमार जोशी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री ईश्वर खड्का | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रबिन्द्र सापकोटा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री पुष्पराज बस्नेत | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री भगवान खत्री | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री शिवराम राउत | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री तारा खतिवडा सापकोटा | कार्यपालिका सदस्य | |
| १४ | श्री कमला पोखरेल | कार्यपालिका सदस्य | |
| १५ | श्री शर्मिला बस्नेत | कार्यपालिका सदस्य | |
| १६ | श्री सावित्री मिश्र | कार्यपालिका सदस्य | |
| १७ | श्री हेमा दाहाल खतिवडा | कार्यपालिका सदस्य | |
| १८ | श्री सुमन परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रजुन तिखत्री | कार्यपालिका सदस्य | |
| २० | श्री सुनिल भुजेल | कार्यपालिका सदस्य | |
| २१ | श्री युवराज आचार्य | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

आमन्त्रित:

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्पराज न्यौपाने | वरिष्ठ शाखा अधिकृत | |



https://mail.google.com/mail/u/0/?tab=rm&ogbl#inbox/FMfcgzQfCMsttJHXXMlsMptkZcXFXWQc?projector=1&messagePartId=0.1 1/1

**प्रस्तावहरु:**

१. अर्धवार्षिक समिक्षा सम्बन्धमा।
२. नगरस्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिको मासिक प्रतिवेदन सम्बन्धमा।
३. आय व्ययको मासिक प्रतिवेदन सम्बन्धमा।
४. करार कर्मचारीको म्यादथप सम्बन्धमा।
५. ६०/४० योजना छनोट सम्बन्धमा।
६. साँगा झोलुङ्गे पुलको प्रवेश शुल्क तथा बहाल बिटौरी शुल्क उटाउने (आन्तरिक आय) ठेक्का सम्झौता सम्बन्धमा ।
७. गरिब परिवारको सूचीमा नाम समावेश गर्ने सम्बन्धमा।
८. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको कार्यान्वयनको लागि स्थानीय कार्यक्रम कार्यान्वयन समिति गठन सम्बन्धमा ।
९. सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) सञ्चालनको लागि स्थानीय कार्यक्रम कार्यान्वयन समिति (PIC)गठन सम्बन्धमा ।
१०. विविध

**निर्णय नं. १. अर्धवार्षिक समिक्षा सम्बन्धमा ।**

नगर कार्यपालिकाको २००औं बैठक तथा चालु आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक (पुस मसान्तसम्म) प्रगति समीक्षा सहित विगतका बैठकका निर्णयहरु कार्यान्वनयको अवस्था सम्बन्धमा बैठकमा प्रस्तुत भई छलफल सहित आवश्यक समिक्षा भयो। चालु आ.व.को हालसम्मको भौतिक प्रगति सन्तोषजनक रहेतापनि वित्तीय प्रगतिमा समेत प्रभावकारिताको लागि कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. २ नगरस्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिको मासिक प्रतिवेदन सम्बन्धमा।**

नगरपालिकास्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिबाट बैठकमा पेश भएको समितिको चालु आ.व.को (साउनदेखि पुससम्म) अर्ध-वार्षिक र पुस महिनाको मासिक अनुगमन तथा निरीक्षण प्रतिवेदन उपर बैठकमा छलफल भयो।उक्त मासिक प्रतिवेदनमा उल्लेखित सुझावहरुको कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं ३ आय व्ययको मासिक प्रतिवेदन सम्बन्धमा।**

बैठकमा पेश भएको निम्न बमोजिमको नगरपालिकाको चालु आ.व. २०८२/८३ को पुस महिनासम्मको आय व्यय प्रतिवेदन उपर बैठकमा छलफल तथा समिक्षा भयो।

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| प्रस्तावित आय | वास्तविक आय | आम्दानी (%) | वार्षिक बजेट | खर्च | खर्च (%) |
| २ अर्ब २५ करोड | १ अर्ब १८ करोड ७४ लाख ४५ हजार ५ सय ९८ रुपैया | ५२.७७% | २ अर्ब २५ करोड | ५५ करोड ५१ लाख ८९ हजार २९ रुपैया | २४.६७% |